APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

# चेतनाको चित्कारमा प्रगतिशील चेतना

**डा. फणीन्द्रराज निरौला**
सहप्राध्यापक
पद्मकन्या बहुमुखी क्याम्पस
phniraula@gmail.com

Received: Feb 15, 2025 Revised: May 01, 2025 Accepted: May 10, 2025

लेखसार

प्रस्तुत शोधलेखमा राममणि ढुङ्गेलद्वारा लिखित चेतना चित्कार मुक्तकसङ्ग्रहमा प्रगतिशील चेतनाका बारेमा विश्लेषण तथा मूल्याङ्कन गरेर उक्त कृतिमा विद्यमान प्रगतिशील चेतनाको निरूपण गरिएको छ । यस कृतिमा अभिव्यक्त प्रगतिशील विचार र चेतनाको अभिव्यक्ति के कस्तो रूपमा रहेको छ भन्ने समस्याको निरूपण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ भने यसमा पुस्तकालय विधिबाट सङ्कलन गरिएका तथ्याङ्कलाई विश्लेषणात्मक र वर्णनात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । विशेषत: यसमा मार्क्सवादी सौन्दर्यशास्त्रले अघि सारेका मूलभूत मान्यतालाई अवलम्बन गरी वर्गीय पक्षधरता, राष्ट्रियता र सामाजिक रूपान्तरणसँग सम्बन्धित पक्षहरूका बारेमा विश्लेषण गरिएको छ । यसबाट सामाजिक असमानता, अशिक्षा, आर्थिक अभाव, गरिबहरूमाथिको थिचोमिचो, शोषण, दमन, अन्याय, अत्याचारको चित्रण एवम् राष्ट्रियताप्रतिको सजगता, धनी र गरिब वर्गका बिचमा देखापरेको असमानतालाई हटाई मानवतावादी समतामूलक एवम् न्यायपूर्ण समाजको स्थापनामा अभिव्यक्ति दिएको छ भन्ने निष्कर्ष निकालिएको छ । यसमा यथेष्ट मात्रामा प्रगतिशील चेतनाको सिर्जनात्मक प्रयोग भएको कुरालाई साक्ष्यका आधारमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

*शब्दकुञ्जी : प्रगतिशील, भौतिकवाद, मार्क्सवाद, वर्गविभाजन, सौन्दर्यशास्त्र ।*

## विषयपरिचय

साहित्य स्रष्टा राममणि ढुङ्गेलद्वारा लिखित *चेतना चित्कार* कृतिमा प्रगतिशील चेतना कसरी प्रयोग गरिएको छ भन्ने प्रश्नको समाधान खोज्ने काम यहाँ गरिएको छ । ढुङ्गेल समकालीन नेपाली साहित्यका क्षेत्रमा कथा, कविता, समालोचना, निबन्ध, हाइकु, एकाङ्की, मुक्तकलगायतका विधाहरूमा कलम चलाउने बहुमुखी व्यक्तित्व हुन् । विद्यार्थी जीवनकालदेखि नै यिनी सिर्जनाकर्ममा संलग्न हुँदै आएका हुन् तापनि २०५० सालको दशकदेखि मात्रै विविध विधाको लेखन र प्रकाशनमा आफूलाई क्रियाशील बनाउँदै आएको पाइन्छ । नेपाल सरकारको प्रशासनिक क्षेत्रमा लामो समयसम्म सेवा गरी सेवानिवृत्त जीवन बिताइरहेका ढुङ्गेलले सामाजिक, राजनीतिक, प्रशासनिक, साहित्यिक क्षेत्रका थुप्रै अनुभवहरू सँगाल्दै सिर्जनाकर्मलाई निरन्तरता दिँदै आएका छन् । यिनको सिर्जनात्मक यात्रा केही वर्षयता निकै गतिशीलताका साथ अघि बढिरहेको पाइन्छ । सामाजिक चेतना फैलाउने र समाज रूपान्तरणको शङ्खघोष गर्दै अघि बढेका ढुङ्गेलले

लेखन, खोज अनुसन्धान, अभिनय, विभिन्न कृतिहरूको सम्पादन, प्रकाशन एवम् संस्थाहरूको सञ्चालनमा अग्रणी भूमिका पनि निर्वाह गर्दै आएका छन् । यिनका हालसम्म *चेपाङ समुदाय र संस्कृति* (२०५१) अनुसन्धानात्मक कृति, *आस्थाको बगैँचा* (२०५३), *अक्षरभ्रूण र अर्को बुद्ध* (२०६७) गरी दुईओटा कवितासङ्ग्रह, *सडक सीमा* (२०५३) नाटक, *अँध्यारोभित्रको मान्छे* (२०५७) र *अनलाइन डट कम* (२०६६) गरी दुईओटा कथासङ्ग्रह, *शान्तिको गीत* (२०७७) हाइकुसङ्ग्रह र *चेतना चित्कार* (२०७९) मुक्तकसङ्ग्रह आदि विभिन्न विधाका कृतिहरू प्रकाशित भइसकेका छन् भने अन्य थुप्रै कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

मुक्तककार राममणि ढुङ्गेलकृत *चेतना चित्कार* यिनको प्रथम प्रकाशित मुक्तकसङ्ग्रह हो । यस कृतिको नाम यहाँ द्विपदी शब्दका रूपमा प्रयोग गरिएको पाइए पनि यसमा प्रयुक्त भाव वा विचारलाई मनन गर्दा लेखकले 'चेतनाको चित्कार' (समस्त शब्द) का रूपमा प्रस्तुत गर्न खोजेको बुझिन्छ । चेतनाको तात्पर्य प्राणीमा रहने ज्ञान, चैतन्य वा सत्असत् छुटयाउन सक्ने बुद्धि अथवा विवेक हो भने चित्कारको तात्पर्य ठुलो वा चर्को स्वरले अताल्लिएर कराउँदाको आवाज वा पीडाले भरिएको चिच्याहट हो । अर्थात् मानिसको भित्री ज्ञानले विवेकसम्मत ढङ्गले पीडायुक्त परिवर्तनकारी आवाज सम्प्रेषण गरिने तात्पर्यमा लेखकले यस मुक्तकसङ्ग्रहको शीर्षकीकरण गरेको अनुमान गर्न सकिन्छ । छैसठ्ठी पृष्ठमा विस्तारित अनि छैसठ्ठी नै मुक्तकीय संरचनामा आबद्ध यस सङ्ग्रहमा समकालीन युगजीवनका अनेकौँ कुरूप विषयवस्तुलाई समेटिएको छ । यस शोधमा *चेतना चित्कार* कृतिमा अभिव्यक्त प्रगतिशील चेतनाका बारेमा विश्लेषण गरिएको छ ।

## शोधविधि

'*चेतना चित्कार*मा प्रगतिशील चेतना' शीर्षकको प्रस्तुत शोधलेख यस मुक्तकसङ्ग्रहमा निहित प्रगतिशील वैचारिकताको निरूपणमा केन्द्रित छ । काव्यात्मक अभिव्यक्तिको सबभन्दा सानो रूप मानिएको मुक्तकको सैद्धान्तिक मान्यता र विधागत पहिचानसमेत स्थापित गरिसकेको छ । अतः पुस्तकालयबाट *चेतना चित्कार* मुक्तकसङ्ग्रहलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गर्दै प्राप्त सामग्रीको विश्लेषणका लागि प्रगतिवादी सौन्दर्यशास्त्रको सैद्धान्तिक मान्यताका आधारमा मुक्तकसङ्ग्रहको विश्लेषण गरिएको छ । यो अध्ययन मार्क्सवादी सौन्दर्यशास्त्रसँग सम्बन्धित छ भने यस अध्ययनमा कृतिकेन्द्री साहित्यिक अनुसन्धान पद्धतिको उपयोग गरिएकाले सम्बन्धित सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस अध्ययनको प्राथमिक सामग्रीका रूपमा राममणि ढुङ्गेलको *चेतना चित्कार* कृतिलाई लिइएको छ । यसै कृतिबाट प्राथमिक सामग्रीको निष्कर्षमा पुग्ने सन्दर्भमा विश्लेषणात्मक पद्धतिको उपयोग गर्दै अध्ययनको निष्कर्ष निकालिएको छ । मुक्तकसङ्ग्रह विश्लेषणको मुख्य आधार ढुङ्गेलको मुक्तकसङ्ग्रहमा प्रस्तुत मार्क्सवादी चिन्तनलाई मानिएको छ । प्रगतिशील वैचारिक चिन्तनको अध्ययनका निम्ति नेपाली भाषाका समालोचनात्मक ग्रन्थ तथा साहित्यशास्त्रबाट द्वितीयक सामग्री सङ्कलन गरिएको छ । व्याख्या विश्लेषणका सन्दर्भमा द्वितीयक सामग्रीकै रूपमा नेपाली भाषाका समालोचनात्मक ग्रन्थहरू, अनुसन्धानात्मक लेखहरू आदिको उपयोग गरिएको छ ।

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

## सैद्धान्तिक अवधारणा

कला साहित्यमा प्रयोग हुने प्रगतिशील चेतनाको आधारशिला मार्क्सवादी सौन्दर्यचिन्तन हो । सन् १८४८ मा प्रकाशित 'कम्युनिस्ट पार्टीको घोषणापत्र' का लेखक कार्ल हेनरिक मार्क्स तथा फ्रेडरिक एङ्गेल्सको वैचारिक योगदानबाट विकसित ऐतिहासिक भौतिकवाद र द्वन्द्वात्मक भौतिकवादको एकीकृत दर्शन नै मार्क्सवाद हो । यही सिद्धान्तको पूर्वावस्था प्रगतिशील चेतना हो र मार्क्सवादी दृष्टिले पाठकमा राजनीतिक चेतना जागृत गर्नु, लेखनलाई वर्गीय पक्षधरतातिर आकर्षित गर्नु र उपयोगितामूलक, उत्तरदायित्वपूर्ण तथा सुन्दर रचनाको सिर्जना गरी समाज रूपान्तरण (एटम, २०७४: १५७) को विषयवस्तु बनाएर प्रवृत्त भएको यथार्थवादी साहित्यप्रवाहको धारा नै प्रगतिशील साहित्य हो । सैद्धान्तिक रूपमा यसमा मार्क्सवादी दर्शनका द्वन्द्वात्मक भौतिकवाद एवम् ऐतिहासिक भौतिकवादका मान्यता प्रतिबिम्बित भएका हुन्छन् ।

द्वन्द्वात्मक भौतिकवादद्वारा प्रस्तुत ऐतिहासिक विकास र व्यक्ति सम्बन्धको, व्यक्ति समाजसम्बन्धको अध्ययनात्मक सामाजिक स्वरूप ऐतिहासिक समाजवाद हो । ऐतिहासिक भौतिकवादले जीवनका आर्थिक र सामाजिक परिस्थितिहरूमा जोड दिन्छ, जुन परिस्थितिहरूद्वारा सामाजिक र वैयक्तिक चेतनाको निर्माण हुन्छ । भौतिक जीवन र उसको मूल्यमा जीविकोपार्जन प्रकार उत्पादन पद्धतिको प्रधानता भएकाले अर्थ नै त्यसको मापदण्ड हो । अर्थले मानवीय सम्बन्ध आचारका नियमहरूलाई प्रभावित पार्नुका साथै वर्गविभाजन गर्दछ । यसैबाट शोषक र शोषित वर्गको स्पष्ट सीमा निर्धारण हुन्छ । यिनै सिद्धान्तबाट निर्देशित साहित्यिक मान्यता (तिमल्सेना, २०६९:. ८७) नै प्रगतिशील विचारको बीज हो । यसरी प्रगतिशील साहित्य भनेको मार्क्सवादी सौन्दर्यशास्त्रमा आधारित लेखनको मान्यता हो । अत: यसले मार्क्सवादलाई आदर्शका रूपमा लिने गर्छ । ऐतिहासिक भौतिकवादी एवम् द्वन्द्वात्मक भौतिकवादी दर्शनका केन्द्रीयतामा कला र साहित्यलाई जीवनको वस्तुनिष्ठतासँग जोडेर प्रस्तुत गर्दछ । प्रगतिशीलतालाई मार्क्सवादीहरूले सिद्धान्तका आधारमा लिएका हुन्छन् । ...प्रगतिशील लेखनका निम्ति हरेक रचना मार्क्सवादी सिद्धान्त र दर्शनसँग जोडिएको हुनु पर्दछ । यस प्रकार निश्चित दार्शनिक आधारमा लेखिएका रचना प्रगतिशील रचना मानिन्छन् (थापा, २०६९ पृ. १३१) । यसरी मार्क्सवादी दर्शनसँग सम्बन्धित वैचारिक पक्षलाई आत्मसात् गरी सिर्जना गरिएका रचना नै प्रगतिशील रचना हुन् भन्ने स्पष्ट हुन्छ ।

प्रगतिशील साहित्य समाजवैज्ञानिक दर्शनसँग सम्बद्ध समाजवादी यथार्थवादको लेखन पद्धति हो । यसले शोषणका विरुद्ध मानवीय चेतनालाई जागरूक तुल्याई साम्राज्यवादी तथा सामन्तवादी प्रवृत्तिमाथि प्रहार गर्दछ । मार्क्सवाद जीवन जगत्को वैज्ञानिक किसिमले व्याख्या गर्ने र जीवन जगत्लाई बदल्न चाहने, जीवन जगत्का परम्परागत नराम्रा स्वरूपलाई बदलेर नयाँ रूप दिन चाहने दर्शन हो (गौतम, २०४९, पृ. २८) । यसमा वर्गीय दृष्टि र प्रतिबद्धता रहने समाजमा रहेको पुँजी र श्रमका बिचको, धनी र गरिबका बिचको, शोषक र शोषितका बिचको अन्तर्विरोधलाई पहिचानी त्यसको यथार्थ चित्रण गर्दै त्यसमा परिवर्तन गरी समतामूलक समाजको निर्माण गर्ने उद्देश्य रहन्छ (पौडेल, 'ख', २०६९, पृ. २४४) । वास्तवमा प्रगतिशीलताले मार्क्सवादी र गैरमार्क्सवादी सम्मत दुवै अर्थ र तात्पर्य आफूभित्र समेटेको छ (भण्डारी, २०६९, पृ. १४७) । मार्क्सवाद र प्रगतिशीलताले आत्मसात् गर्ने मान्यताका सन्दर्भमा केही विद्वान्हरूका बिच विमति पनि नदेखिएका होइनन् तर धेरैजनाले प्रगतिशील साहित्य मार्क्सवादबाटै निर्देशित हुने विचार व्यक्त गरेका छन् ।

प्रगतिशील साहित्यले साम्राज्यवादी, पुँजीवादी र अल्पविकसित देशका बिचको अन्तर्विरोधलाई पहिचान गरी त्यसको यथार्थ चित्रण गर्दै समाजरूपान्तरणका निम्ति दिशाबोध गराउने काम गर्छ । सामाजिक जीवनमा परिवर्तन ल्याउने शक्ति भनेका उत्पादक शक्तिका रूपमा रहेका श्रमजीवी जनता नै हुन् भने साहित्यले पनि तिनै श्रमजीवी जनताको सङ्घर्षलाई बल पुऱ्याइरहेको हुन्छ (चापागाईं, २०५४, पृ. ११२) भन्ने मान्यताअनुरूप प्रगतिशील साहित्यको सिर्जना भएको पाइन्छ। यही प्रगतिशील वैचारिकताले आत्मसात् गरेका मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा स्वीकार गरी *चेतना चित्कार* मुक्तकसङ्ग्रहको विश्लेषण गरिएको छ ।

## *चेतना चित्कार* मुक्तकसङ्ग्रहमा प्रगतिशील पक्षको विश्लेषण

मुक्तककार राममणि ढुङ्गेलकृत *चेतना चित्कार* मुक्तकसङ्ग्रहमा विशेषत: समकालीन नेपाली जीवनका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि पक्षहरूमाथि अनुभूत गरेका अनेकौं कुरूप व्यक्त गरिएका छन् । अत: मार्क्सवादी सौन्दर्यशास्त्रअनुरूप यस कृतिमा प्रगतिशील चेतनालाई के कसरी प्रस्तुत गरिएको छ भन्ने विविध पक्षका बारेमा निम्नानुसारका उपशीर्षकहरूमा विश्लेषण गरिएको छ :

### वर्गीय पक्षधरता

समाज अनेक वर्गमा विभक्त हुने गर्छ र वर्गीय स्वार्थका कारण वर्गहरूका बिचमा अन्तरविरोध पैदा हुन्छ । द्वन्दात्मक भौतिकवादले सामाजिक न्याय वा समतामूलक न्यायका पक्षको वकालत गर्ने क्रममा बुर्जुवा अथवा यथास्थितिवादी मान्यताका विपक्षमा उभिई सामाजिक न्याय र समतामूलक पक्षधरताको अनुसरण गर्छ । यस मान्यताबाट प्रगतिशील साहित्य असम्पृक्त रहन सक्दैन (पौडेल 'क', २०६९, पृ. ९३) । प्रगतिशील स्रष्टाले आर्थिक आधारलाई टेकेर वर्गको बोध गर्छ र समाजमा विद्यमान वर्गहरूका बिचको अन्तर्विरोध पहिचान गर्दै अघि बढ्छ । यसरी हेर्दा मुक्तककार ढुङ्गेलबाट *चेतना चित्कार* मुक्तकसग्रहमा सामाजिक शोषण, अन्याय अत्याचार, कुरीति, कुसंस्कार आदिका कारण समकालीन नेपाली समाजका अनेक घटना तथा परिघटनाहरूलाई वर्गीय पक्षधरताका आधारमा उजागर गरिएको पाइन्छ ।

प्रस्तुत कृतिमा सामाजिक, राजनीतिक, आर्थिक, नैतिक आदि बेतिथिका विरुद्ध विद्रोहको स्वर मुखरित गरिएको छ । आज नेपाली जनता हरेक क्षेत्रबाट प्रताडित भएका छन् । तिनै प्रताडित जनताको विद्रोह आवाज बनेर मुखरित भएका छन् । नेपाली समाजमा सामाजिक विकृतिहरू कतिसम्म बढेर गएका छन् भन्ने तथ्यलाई निम्नानुसारको अभिव्यक्तिले पुष्टि गर्छ :

> डलर बेच्न धर्म किन्नेहरू पनि रहेछन् यहाँ
> डलर किन्न धर्म बेच्नेहरू पनि रहेछन् यहाँ
> डलरको मोहमा मान्छे अन्धो बनेको हो कि के
> आमा बेच्न डलर गन्नेहरू पनि रहेछन् यहाँ । (पृ. ४)

गरिबीका मारमा पिल्सिएका नेपाली जनतालाई विदेशी दलालहरूले पैसाको लोभ देखाएर धर्म परिवर्तन गराउँदै आएका तथ्यहरू प्रशस्त छन् । आफ्नो परम्परागत धर्मलाई सामान्य रूपमा लिँदै विदेशी पैसाका पछि दगुर्नु लज्जास्पद विषय हो । डलरको पछि दौडिनेहरू आमा बेच्नसमेत पछि नपरेको अत्यन्त खेदजनक र राष्ट्रिय अस्मिताप्रति नै खेलबाड गर्ने दुस्साहस आज चलिरहेकामा लेखकले तीव्र असन्तुष्टि र

विरोध गरेका छन् । आज अपराधी मनोवृत्ति भएका मानिसले देशको बागडोर सम्हालेका छन् । नेपाली जनताले भ्रष्टाचारको अन्त्य, कानुनी शासन प्रणाली, सुशासनको अपेक्षासहित गणतन्त्रको स्थापना गरेका हुन् तर भव्य महलमा बस्नेहरूमा सङ्कीर्णताले डेरा जमाएको छ भने झुपडीमा बस्ने असल मानिहरूका कथा र व्यथा जस्ताको तस्तै छन् । आज तिनै भव्य महलमा बस्नेहरू आफ्नो हातमा अधिकार लिएर अहङ्कार प्रदर्शन गर्दै बेतुकका योजना बनाएको देखेर लेखकले यस्तो विद्रोहात्मक प्रश्न तेर्स्याएका छन् :

सङ्कीर्णता राज गर्छ भव्य महलभित्र किन ?
अभावको झुपडीमा बस्छ असल मित्र किन ?
सम्पत्ति र अहङ्कार एकअर्काका पूरक हुन् त ?
भँडार अपराधी नै कोर्छ सकल चित्र किन ? (पृ. ६)

देशको राजनीति र कूटनीति सर्वसाधारणको पहुँचभन्दा धेरै टाढाको विषय बन्दै गएको छ । पराईको स्वार्थपूर्ति र इसारामा नाच्दै मिलेर बस्नुपर्ने भाइभाइ फुटिरहेका छन् । एकातिर विदेशीहरूको स्वार्थपूर्ति गर्न उद्यत नेताहरू आपसमा फुटेर देशलाई नै बर्बाद पारिरहेका छन् भने अर्कातिर कोरोनारूपी कालले सबैलाई लपेटिरहेको बेला सत्ताको खेल बुझिनसक्ने गरी चलिरहेको वस्तुतथ्यलाई यसरी प्रस्तुत गरिएको छ :

राजनीति कि कूटनीति बुझ्नै गाह्रो भो
भाइ-भाइको फुटनीति बुझ्नै गाह्रो भो
थाप्लामाथि कालले छुरा तेर्स्याएको बेला
सत्ता खातिर गुटनीति बुझ्नै गाह्रो भो । (पृ. १०)

लेखकका अनुसार समाजमा स्वार्थीहरूको जगजगी छ । घातप्रतिघातको खेल चलिरहेको छ । इमान, बुद्धि, ज्ञान, विवेकजस्ता कुरा लिलाम भएका छन् । देशको राजनीतिक र सामाजिक अवस्था साँच्चिकै भयावह बन्दै गएको तथ्यलाई यसरी उजागर गरिएको छ :

जसको सीता उसको गीता मनुष्यको जात कस्त
जसको शक्ति उसको भक्ति कुलतको मात कस्तो !
इमान बुद्धि ज्ञान विवेक लिलाम स्वार्थी बजारमा
जता मल्की उतै ढल्की निर्लज्जताको घात कस्तो ! (पृ. १३)

समाजमा अरूलाई कर्तव्यको पाठ पढाउने र आफू चाहिँ अधिकार हत्याएर उपयोग गर्ने मानिसको कमी छैन । एकातिर दमन गर्ने र अर्कातिर चाकडी गर्दै काम पटचाउनेहरू पनि समाजमा यत्रतत्र भेटिन्छन् । आफूलाई माथिल्लो ओहोदामा पुऱ्याउनेलाई बिर्सिने मात्र होइन उसैलाई नङ्ग्याउने र लात हानेर अघि बढ्ने प्रवृत्ति व्यापक बन्दै गएको तितो यथार्थप्रति यसरी कटाक्ष गरिएको छ :

थोपरेर कर्तव्य अरूमा अधिकार सबै हत्याउने कति कति
यता दमन, उता चाकडी गर्दै काम पटचाउने कति कति
आफू माथि पुग्न, शरीरलाई भऱ्याङ बनाएको थियो जसको
उसैलाई नङ्ग्याएर लात मार्दै गलहत्याउने कति कति । (पृ.६९)

ढुङ्गेलले समकालीन विसङ्गतिको वस्तुतथ्यको प्रस्तुतिमा सत्तासीन र शासित वर्गका बिच देखिने असमानताको चित्रण गर्दै यिनीहरूका बिचको द्वन्द्वलाई यहाँ चित्रण गरेका छन् । विशेषत :: सत्तासीनलाई सामन्त र शासितलाई पीडित वर्गका रूपमा देखाएर यिनीहरूबिचको सङ्घर्षलाई उल्लेख गर्दा वर्गीय पक्षधरताको वकालत गरेका छन् ।

राष्ट्रियताको स्वर

राष्ट्रियता प्रगतिशील साहित्यमा मूल मियो बनेर आउने गर्छ । राष्ट्र र राष्ट्रियताका पक्षमा लेखकहरूले आफ्ना विचार वस्तुवादी ढङ्गले प्रस्तुत गरिरहेका हुन्छन् । विशेषत: आफ्नो राष्ट्रमाथि विदेशीहरूको थिचोमिचो, व क्रदृष्टि, सैन्य आ क्रमण वा राष्ट्रलाई कुनै पनि हिसाबले कमजोर बनाउने प्रवृत्तिमाथि सिधै प्रहार गर्ने काम हुन्छ । मुक्तककार ढुङ्गेलले यस कृतिमा राष्ट्रियताको चेतनालाई निकै प्रभावकारी ढङ्गले उठाएका छन् । राष्ट्रियताका सबालमा नेपालीहरू कहिल्यै र कसैसित पनि झुकेनन् तर आज जसले राष्ट्रियता हाकाहाकी बेच्छ उही देशको अगुवा बनेको छ र उही ठुलो स्वरमा कुर्लिंदै हिँड्छ । नेपालको अस्मितामाथि धावा बोल्ने यस्ता व्यक्तिहरूप्रति घृणा र राष्ट्रियताको रक्षार्थ लेखकले यस्तो खबरदारी गरेका छन् :

पानी बेच्न दुँहुदा रहेछन् भैंसी गाई कोही कोही
अंश मार्न जुध्दा रहेछन् भाइभाइ कोही कोही
राष्ट्रियता जसले सक्छ बेच्न उसकै डाँको ठुलो
हाकाहाकी लुट्दा रहेछन् चुरेमाई कोही कोही । (पृ. ४१)

पुर्खाको साहसपूर्ण बलिदानबाट संरक्षित राष्ट्रियता र स्वाधीनता आज पनि नेपालीहरूका लागि उत्तिकै प्रिय छ । नेपालीजन कैयौं दिन भोकै बस्न सक्छ अनि राष्ट्रियताका लागि असहच पीडा पनि सहन सक्छ तर आफ्नो स्वाधीनता र स्वतन्त्रतामा अलिकति पनि आँच आएमा त्यसको प्रतिकारमा तुरुन्तै उत्रेको इतिहास साक्षी छ । आज कोसी, गण्डकी, काली, महेशपुर, सुस्तालगायतका भूमिलाई एकएक गरी खोस्दै लगेको तथा सीमास्तम्भलाई सार्ने र तिनको चोरीसमेत हुन थालेको छ । यति मात्र होइन कालापानीमा बाटो निर्माण गरी हाम्रो स्वाधीनतामाथि धावा बोल्दा पनि हामी कतिन्जेल चुपचाप बसिरहने हो भन्दै लेखक छिमेकीको विस्तारवादी नीतिका विरुद्ध खबरदारी गर्न पछि पर्न नहुने आह्वान गर्दै यस्तो अभिव्यक्ति दिन्छन् :

कोसी, गन्डक, काली छिनायो हामी कहिले उठ्ने ?
महेशपुर, सुस्ता बिलायो हामी कहिले उठ्ने ?
सीमास्तम्भ रातारात सर्छ कति हराउँछ
कालापानीमा बाटो छिरायो हामी कहिले उठ्ने ? (पृ. ५०)

देशमा विदेशीहरूको दबदबा दिनहुँ बढिरहेको छ । आज देशका कुनाकाप्चा वा जताततै विदेशीहरू बस्न थालेका छन् । फोहर टिप्नेदेखि लिएर कानुन निर्माण गर्ने काम पनि निर्बाध विदेशीहरूले गरिरहेका छन् । यति मात्र होइन, ठेक्कापट्टा गर्ने र उद्योग तथा व्यापारका क्षेत्रमा उच्च पहुँच राख्ने पनि विदशी नै रहेका छन् । अब यिनले राष्ट्रको अस्मितासँग सम्बन्धित नागरिकताजस्तो संवेदनशील वस्तुलाई एकछत्र

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

बेच्ने पसल खोल्न लागेको कुरालाई पनि कविले उल्लेख गरेका छन् । यसरी नेपाल र नेपालमाथिको विदेशीहरूबाट हुँदै आएको ठाडो र खुलमखुला हस्तक्षेपका सम्बन्धमा लेखकले यस्तो अभिव्यक्ति दिएका छन् :

यत्रतत्र नेपालभित्र विदेशी छन् रे सर्वत्र
फोहर टिप्ने कानुन लेख्ने यिनै गर्छन् रे स्वतन्त्र
ठेक्का पट्टा उद्योग व्यापार उच्च पदमा पहुँच यिनको
नागरिकता बेच्ने पसल अब राख्छन् रे एकछत्र । (पृ. ६२)

शक्तिशाली भनाउँदो नेताले पछिल्लो समयमा सत्ताप्राप्तिका लागि राष्ट्रहितविपरीत काम गर्दै आएका अनेक उदारण छन् । त्यस्ता नेताले विदेशी शक्तिकेन्द्रमा धाएर प्रभुको शरणमा परी प्रभुलाई खुसी पार्न कैयौँपटक भाकल पनि गरेको पाइन्छ । विदेशी प्रभुका सामु उसले सत्ताको वरदान मागेको छ । ऊ जनताको सामर्थ्य र शक्तिलाई बेवास्ता गरी विदेशीका अघि गएर घुँडा टेकी राष्ट्रियता सुम्पिन तयार भएको छ । विदेशी प्रभुसँग देशको बागडोर सम्हाल्ने नेता कति निर्लज्ज रूपमा प्रस्तुत हुन सकेको छ भन्दै यस किसिमका गलत गतिविधिमा सरिक नेतृत्वको लेखकले यसरी भण्डाफोर गरेका छन् :

भाकल गर्‍यो उसले कोटी कोटी प्रभुसँग
दर्शन गर्‍यो पाउमा कैयौँचोटि प्रभुसँग
सत्ता वरदान माग्यो सट्टा राष्ट्रियताको टन्टा
वाचा गर्‍यो दिने रक्त माईको घोटी प्रभुसँग । (पृ.१२३)

देशमा सामाजिक असङ्गति र राजनीतिक विकृतिले सीमा नाघेको छ । नेपालीहरू यस्तो दुर्दशापूर्ण अवस्थालाई टुलुटुलु हेर्न बाध्य छन् । विशेष गरी नेताका चर्तिकला एवम् ि क्रयाकलापका कारण आज देश दुर्दशाको गर्तमा फसिसकेको छ । सिर्जनात्मक कामको सट्टा नेताहरू भाषणबाजीमै समय व्यतीत गर्छन् । अब अनावश्यक कुराको परित्याग आवश्यक भइसकेको छ । चारैतिर कालो बादल मडारिरहेको छ । परिणामस्वरूप विस्तारवादले शिर ठाडो पार्दै लगेको छ । यस्तो विकराल परिस्थिति सिर्जना भएका बेला जनता भने निरीह र निराश देखिन्छन् । अब पनि नेपाली जनता कुम्भकर्ण बनिरहने हो भने देशको अस्तित्व नै समाप्त हुने अवस्था सिर्जना भएको छ । तसर्थ, ढिला नगरी सबै जनता राष्ट्रियता जोगाउन दृढताका साथ अघि बढ्न लेखकले यस्तो आह्वान गरेका छन् :

भाषणबाजी अति भयो काम अब थाल्नुपर्छ
ढिला भयो लौ न अब सबैजना जाग्नुपर्छ
विस्तारवादले शिर उठायो कुम्भकर्ण बन्ने कति
सीमा छेक्न पर्खाल लाउन अब एक भई लाग्नुपर्छ । (पृ.१००)

दुई ठुला छिमेकी देश भारत र चीनको सीमा खुला रहेकाले नेपाल सधैँ असुरक्षित रहेको छ । विशेष गरी भारतीय सीमातिर आतङ्कको शृङ्खला नै चल्ने गर्छ । कहिले नेपालीमाथि गोली प्रहार गरिन्छ भने कहिले तुइन काटेर ज्यान लिने काम गरिन्छ । यसरी सीमाहरूमा बारम्बार मानवता ढलेको इतिहास छ

तर संवेदना सकिएका र पाषाणहृदयी नेताहरू सत्तामा बसेका बेला ठुलो हुङ्कार गर्न पछि पर्दैनन् । यस्ता नेताहरू सीमाको आतङ्कप्रति किन निरीह बनेका होलान् भनी लेखक यस्तो यक्ष प्रश्न तेर्स्याउँछन् :

आतङ्कको शृङ्खला नै चल्छ सीमातिर
बारम्बार मानवता ढल्छ सीमातिर
विदेशीले गोली ठोक्छ कहिले तुहिन काट्छ
किन सत्ता निरीह झैँ लाग्छ सीमातिर ? (पृ. २५)

यसमा लेखकले राष्ट्रियताको संरक्षणमा सङ्घर्ष गर्न पछि पर्नु नहुने कुरालाई प्रभावकारी रूपमा प्रस्तुत गरेका छन् ।

सामाजिक रूपान्तरण

समाज रूपान्तरणको अभिव्यक्ति दिने उद्देश्य प्रगतिशील स्रष्टाको हुने गर्दछ । सामाजिक कुरीति, कुसंस्कार, अन्धविश्वास, रूढिगत परम्परा आदिको विरोध गर्नु र स्वच्छ एवम् न्यायपूर्ण समाजको निर्माण गर्ने लक्ष्यका साथ अघि बढ्नुपर्छ भन्ने मान्यताको अभिव्यक्ति दिने ढुङ्गेलले यस कृतिमा समकालीन नेपाली समाजको दुर्दशापूर्ण अवस्थाको सजीव चित्र उतारेका छन् र समाज रूपान्तरणको अभिव्यक्ति दिएका छन् ।

लेखकका अनुसार समकालीन नेपाली समाज आज विविध कारणले अस्तव्यस्त बन्दै गएको छ । देशमा अराजकताले सीमा नाघेको छ । नियम कानुनको पालना गराउन राज्य नै उदासीन देखिएको छ । बिरामीको सेवा गर्ने डाक्टरलाई मरणासन्न हुने गरी कुट्ने दानवहरू गर्वका साथ समाजमा डुलिरहेका देखिन्छन् भने विद्यमान कानुनले अपराधीलाई उचित सजाय दिन सक्दैन । यहाँ चोरहरू समाजमा निर्धक्क डुलिरहेका छन् भने सज्जनले दण्डसजाय भोग्नुपरिरहेको छ । देश दुर्दशाको गर्तमा भासिँदै गएको छ । समाजमा विडम्बनापूर्ण किसिमले गुन्डाराज बढिरहेको छ । यस्तो सामाजिक कलङ्कका रूपमा विकसित हुँदै गएका हरेक गलत तत्त्वको अन्त्यका लागि लेखकले यस्तो अभिव्यक्ति दिएका छन् :

दानवको हुल उठ्यो डाक्टरलाई कुट्यो
आलमारीमा कानुन बस्यो अपराधी छुट्यो
चोरका लागि चौतारी छ सोझालाई सुली
गुन्डाराज देशमा बढ्यो देशको ललाट फुट्यो । (पृ. ३०)

वर्तमान नेपालको सामाजिक अवस्था अस्तव्यस्त बन्दै गएका कारण समाजमा नैतिकताको खडेरी परेको छ । सामाजिक मूल्यमान्यताहरू ध्वस्त भएका छन् । यसबाट केही व्यक्तिलाई फाइदा भए पनि निम्न वर्गका मानिसहरूको पारिवारिक तथा आर्थिक जीवनमा नराम्ररी असर परेको छ र उनीहरूको जीवन दयनीय बन्दै गएको छ । समाजमा विद्यमान आर्थिक असमानता, विभेद, अन्यायपूर्ण सामाजिक बनोट, गरिबी, शोषण आदिको समूल अन्त्य गरी न्याय, समानता र सुशासनको स्थापना हुनुपर्ने कुराको वकालत लेखकले यसरी गरेका छन् :

थाप्दै राहत भर्दै धो क्रो बेच्ने मानिस छन् रे यहाँ
चुस्दै गुदी फाल्दै बो क्रो गर्ने मानिस छन् रे यहाँ

कुपोषणले जीर्ण नानी च्याप्दै पसिना झार्नेहरू
बोक्दै भारी पेट खो क्रो कस्ने मानिस छन् रे यहाँ । (पृ. ३१)

समाजमा विकृति थामिनसक्नु गरी बढेको छ । सामाजिक मूल्य मान्यता एक किसिमले भन्ने हो भने सबै ध्वस्त भएका छन् । अब नेता हुन लामो समयसम्म जेलमा सडिरहनु पर्दैन । कसैलाई फन्दामा पारेर कुर्सी हत्याउने योग्यता भए पुग्छ । यस्तै टुप्पी बाँधेर योग्य बन्नुको पनि औचित्य समाप्त भएको छ । योग्यताभन्दा चाकरीका भरमा माथि पुग्ने परिपाटीको विकास भएकाले मानिसहरू वाक्कब्याक्क भएको सन्दर्भलाई लेखक यसरी व्यक्त गर्छन् :

राजनीतिको प्रारम्भिक पाठशाला त जेल रहेछ महोदय !
कुर्सी हत्याउने महत्त्वपूर्ण योग्यता त नेल रहेछ महोदय !
घुँडा धस्दै टुप्पी कसेर पढ्नुको औचित्य रहेन अब
माथि पुग्ने सजिलो तरिका त तेल रहेछ महोदय ! (पृ. ३६)

मुक्तककार ढुङ्गेल अनुसार नेपालका नेताहरूको चालढाल र व्यवहार सामन्ती सोचबाट निर्देशित छ । उनीहरूले आफूलाई मालिक र निम्नवर्गका जनतालाई आफ्ना दाससरह ठान्न थालेका छन् । नेताको गतिविधि र ि क्रयाकलापप्रति पटक्कै सन्तुष्ट हुने ठाउँ छैन । कोरोनाको महामारीले देशलाई पूरै थला पारेको अवस्थामा जनताले अकल्पनीय दशा बेहोर्नुपर्‍यो । उनीहरूमा भोक र निद्रा देखिन छोडेको छ । हरेक हिसाबले सुन्दर एवम् सुसम्पन्न मानिँदै आएको देशको साख दिनहुँ खस्कँदो छ । जिम्मेवार निकायहरू गैरजिम्मेवार बनेका छन् । महामारीको तडपाइमा परेका पीडित जनताका आशा र भरोसामाथि तुषारापात भइरहेका बेला नेताहरू भने सत्ताकैपछि डौडिरहेका छन् । देश र जनताप्रतिको दायित्व बिर्सिएर सत्ता स्वार्थका पछि दौडिने निर्लज्ज नेताप्रतिको आ क्रोशलाई लेखकले यसरी व्यक्त गरेका छन्:

भोक निद्रा हरेको छ महामारीमाझ
साख झन्झन् झरेको छ महामारीमाझ
नेता जप्छ सत्ता मन्त्र जनता अकाल मर्छ
देश थला परेको छ महामारीमाझ । (पृ. १६)

लेखकका अनुसार आज जिम्मेवार मानिसहरू जनताप्रति उत्तरदायी बनेका देखिँदैनन् । देशको विकासमा होइन आफ्नै झोली भर्नेहरूको यहाँ बिगबिगी रहेको छ । वागमती सफा र सुन्दर बनाउने नाममा भएको खर्चको कुनै परिणाम देखिएन । जनतालाई दिइने आश्वासन पानीका फोकासरह भएका छन् । इमान सत्ताप्राप्तिका लागि बि क्री भएको छ र विश्वास सबै लोप भएको छ भन्दै लेखकले चरम बेतिथिप्रति यस्तो कटाक्ष गरेका छन् :

झेलीहरूको बिगबिगी भो विकास कता गो ?
वागमती नै ढलमती भो निकास कता गो ?
सबै पानी फोका बने आश्वासनका फोका जति
बि क्री इमान सत्तामा भो विश्वास कता गो ? (पृ. ३४)

समाजमा वैदेशिक रोजगारीका कारण पारवारिक विखण्डनको समस्या भयावह बन्दै गएको छ । खाडीको तातोमा हाड घोट्दै युवाले पसिना बगाएर घरमा पैसा पठाउँछ । पारिवारिक सुख र प्रेमका लागि खाईनखाई कमाएको धन यता श्रीमतीले उडाइदिन्छन् । आजीवन सँगै बाँच्ने अनि मर्ने वाचा तोडेर श्रीमती परपुरुषसित रमाउन पुग्छन् । सुखद पारिवारिक जीवनको कल्पनामा रमाइरहेको व्यक्तिका लागि योभन्दा ठुलो विडम्बना अरू के नै हुन सक्छ र ! अहिले नेपाली समाजमा यो जटिल समस्या घरघरको कहानी बन्दै गएको छ । नेपाली समाजको यस्तो अति नै दुर्दशापूर्ण अवस्थाको यसरी उल्लेख गरिएको छ :

खाडीको तातोमा हाड घोट्दै कमाएको त्यो धन प्रिया !
तिम्रो मुस्कान हेर्न खाईनखाई, पठाएको हो धन प्रिया !
सजिलै तोड्यौ कसरी वाचा आजीवन सँगै मर्ने बाँच्ने ?
कसरी परपुरुषसित रासमा रमाएको भो धन प्रिया ? (पृ.७९)

गणतन्त्रको आगमनसँगै नयाँ नेपालको सुखद कल्पनामा सबै सम्मोहित बने तर नयाँ नेपाल त शक्ति र सान आर्जन गर्ने माध्यम बनेर आयो । नयाँ नेपालमा शक्ति आर्जन गर्न र स्वार्थ पूरा गर्न जनप्रतिनिधिहरू नै कुर्सी हानाहान र सांसाद तानातानमा लागे । यही नै नयाँ नेपालको पहिचान बनेको छ । यति मात्र होइन, गल्ली तथा सडकमा नारा अनि जुलुस, संसद्मा रोस्टम घेराउमै समय बितिरहेको छ । जनताको भावनामाथि आघात पुगेको छ र नयाँ नेपालमा कुनै सकारात्मक वा सिर्जनात्मक काम हुनुको सट्टा विखण्डन र विध्वंसको प्रवृत्ति मौलाइरहेको उपहासपूर्ण वर्तमान नयाँ नेपाल (?) कस्तो अवस्थामा गुज्रिरहेको छ भन्ने तितो वस्तुसत्यलाई लेखकले यसरी व्यक्त गरेका छन् :

शक्तिकै मान शक्तिकै सान, यस्तै लाग्छ नव पहिचान
कुर्सीले हान सांसद तान, यस्तै लाग्छ नव पहिचान
नारा जुलुस गल्ली सडकमा रोस्टम घेराउ भित्र महलमा
अन्ततः परिणाम जनअपमान यस्तै लाग्छ नव पहिचान । (पृ. ८६)

समाजमा अनेक विकृति र विसङ्गतिले जरो गाडेर बसेका छन् । तिनको समूल नष्ट नगरुन्जेल न्यायपूर्ण एवम् समतामूलक समाजको निर्माण सम्भव छैन । अतः यहाँ मुक्तककारले सामाजिक रूपान्तरणका निम्ति सबै पक्ष जागरूक भए मात्र स्वच्छ एवम् प्रगतिशील समाज निर्माण गर्न सकिने विचार अघि सारेका छन् ।

## निष्कर्ष

नेपालमा गणतन्त्रको स्थापनापश्चात् नेपाली समाजमा विकसित युगबोधी नवीनतम चिन्तन, समकालीन युगजीवनका जटिलता, कुरूपता, अन्योलग्रस्त परिस्थिति, नेता र जनतामा देखिँदै गएको नैतिकताको स्खलन, राष्ट्रियतामाथि विदेशीहरूको व क्रदृष्टि, महामारीका समयमा सत्ताको बागडोर सम्हाल्नेहरू सत्ताकेन्द्रित राजनीतिमै निर्लिप्त भएको अवस्था, सत्ताप्राप्तिको झिनाझम्टीलगायतका कुरूप पक्षहरूमाथि राममणि ढुङ्गेलबाट *चेतना चित्कार* मुक्तकसङ्ग्रहमा प्रगतिशील चेतना मूल रूपमा प्रस्तुत गरिएको छ । वस्तुतः देश र जनताले भोग्नुपरिरहेको अन्योलग्रस्त अवस्थालाई सम्यक् दृष्टिले हेर्दै यस कृतिमा लेखकले वर्गीय चेतनाको क्रान्तिकारी चित्कारको आवाजलाई प्रस्तुत गरेका छन् । विशेषतः

सामाजिक, राजनीतिक, आर्थिक, नैतिक आदि बेतिथिका विरुद्ध विद्रोहका आवाजलाई घनीभूत रूपमा मुखरित गरेका छन् । खासमा हरेक क्षेत्रबाट प्रताडित जनताका आवाजहरू विद्रोहका रूपमा मुखरित भएका छन् । गरिब नेपाली जनतालाई धर्मका नाममा ठग्ने दलालहरूले एकातिर सताएका छन् भने अर्कातिर अपराधी मनोवृत्ति भएका मानिसले देशको बागडोर सम्हालेका कारण नेपाली जनता अझ प्रताडित भएका छन् । यस्तै पराईको इसारामा हामी नेपालीहरू आपसमा फुटिरहेका छौँ भने प्राकृतिक रोग कोरोनाको प्रताडनाले पनि हाम्रो जीवन अन्योलग्रस्त बन्दै गएकाले सामाजिक रूपान्तरणसम्बन्धी स्पष्ट दृष्टिकोण अघि सारेका छन् । यसमा समकालीन नेपाली समाजमा देखिएको अन्तर्द्वन्द्वलाई उजागर गरिएको छ । समाजमा स्वार्थीहरूको जगजगी छ, घातप्रतिघातको खेल चलिरहेको छ । इमान, बुद्धि, ज्ञान, विवेकजस्ता कुरा प्राय: लोप भएकाले देशको राजनीतिक र सामाजिक अवस्था भयावह बन्दै गएको छ । मानिस नैतिकता र कर्तव्यच्युत बन्दै गएको अवस्था छ । नेता सत्ताप्राप्तिको दौडमा मात्र केन्द्रित भएका छन् भने बिचौलियाहरू र कमिसनतन्त्रको जताततै बिगबिगी छ । पुर्खाहरूको साहसपूर्ण बलिदानबाट संरक्षित राष्ट्रियता र स्वाधीनतामाथि कालो बादल मडारिरहेको छ र हरेक क्षेत्रमा विदेशीहरूको दबदबा बढिरहेका कारण राष्ट्रियता नै कमजोर बनिरहेको छ । विशेष गरी गणतन्त्रको आगमनपछि जनप्रतिनिधिहरूमा देखिएको विचलन र गैरजिम्मेवारीपनका कारण नेपाली समाज अन्योलग्रस्त बनेको छ । यस्तो विषम अवस्थामा स्वाभिमानी एवम् देशप्रेमी नेपाली जनताले विद्यमान विकृति र विसङ्गतिका विरुद्ध सचेत भई न्यायपूर्ण एवम् समतामूलक समाजको स्थापनाका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने प्रगतिशील चेतनालाई मुक्तककार राममणि ढुङ्गेलले यस कृतिमा प्रस्तुत गरेको पाइन्छ ।

सन्दर्भसामग्री

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०४९), *प्रगतिवाद : परम्परा र मान्यता,* काठमाडौँ : श्रमिती मुना गौतम ।

चापागाईं, निनु (२०५४), *मार्क्सवादी चिन्तनमा सौन्दर्य,* ललितपुर : मृदुल चापागाईं : महिम चापागाईं ।

ढुङ्गेल, राममणि (२०७९), *चेतना चित्कार,* भक्तपुर : फेमकुमारी डोरनाथ ढुङ्गेल साहित्य प्रतिष्ठान ।

तिमल्सेना, पशुपतिनाथ (२०६९), 'प्रगतिशील साहित्य लेखनमा विद्यमान समस्या र चुनौती', *संस्कृति,* (सम्पा.) जीवेन्द्रदेव गिरी र अन्य, काठमाडौँ : राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपाल, पृ. ८५-१०३ ।

थापा, के. बी. (२०६९), 'नेपालको प्रगतिशील लेखनमा प्रगतिशील धारको अवस्था', *संस्कृति,* (सम्पा.) जीवेन्द्रदेव गिरी र अन्य, काडमाडौँ : राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपाल, पृ. १३१-१३५ ।

पौडेल 'क', गोपीन्द्र (२०६९), 'सामाजिक रूपान्तरणमा मार्क्सवादी साहित्यको भूमिका', *भृकुटी,* (सम्पा.) मोदनाथ प्रश्रित, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन, प. ८७-९९ ।

पौडेल 'ख', हेमनाथ (२०६९), 'समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू', *संस्कृति,* (सम्पा.) जीवेन्द्रदेव गिरी र अन्य, काठमाडौँ : राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपाल, पृ.२४२-२६६ ।

भण्डारी, जगदीशचन्द्र (२०६९), 'प्रगतिशीलता र प्रगतिवाद', *भृकुटी,* (सम्पा.) मोदनाथ प्रश्रित, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन, पृ.१४७-१५१ ।